एक

# स्रोत






नमस्कार साथीहरू,

के छ तपाईंको हालखबर, सञ्चै त हुनुहुन्छ होला नि ? मलाई चिन्नु भयो ? म उही तपाईंकै साथी सयपत्री हुँ । अस्ति मेरो वार्षिक उत्सवमा आउनुभएकोमा तपाईंहरूलाई धन्यवाद छ । अस्तिको वार्षिक उत्सवबाट चुनिएको कार्यसमितिमा एउटा विषयमा निकै छलफल भयो नि ।

क्लबको वार्षिक प्रतिवेदनमा क्लबमा आर्थिक समस्या भएको, कार्यक्रम गर्नलाई समय र साथीहरूको अभाव भएको अनि कहिलेकाहीँ साथीहरूबीच कुरा नमिल्दा कार्यक्रमहरू सफल नभएको कुराबारे छलफल भयो ।

यही विषयमा मेरा संरक्षक शिक्षक छकबहादर पुन, सिविसको दाजु कमल चापागाईं र कार्यसमितिका सदस्यहरूले निकै छलफल गर्नुभयो । आज म त्यही छलफलको कुरा बताउँछु ।

छलफलमा क्लबको स्रोत व्यवस्थापनलाई अझ राम्रो बनाउनेबारे धेरै कुराकानी भए । स्रोत भनेको सुन्ने बित्तिकै मेरा एकजना

सदस्यले बुझ्नु भएनछ र उहाँले स्रोत भनेको के हो भनेर सोधिहाल्नु भयो। अनि छक सरले तुरून्तै बताइदिनुभयो :

“स्रोत भनेको मुहान, खानी हो रे। जसमा थुप्रै कुराहरू पर्दछन्। जुन कुरा आवश्यक पर्‍यो, त्यो छानेर लिनुपर्छ रे। यसरी स्रोत प्रयोग गर्ने क्रममा स्रोत के-के हो भनी चिनेनौँ भने आफूसँग ती स्रोत भए पनि प्रयोग गर्न नसकिरहेका हुनसक्छौँ। सरले भन्नुभएको, स्रोत विभिन्न प्रकारका हुन्छन्, जस्तैः भौतिक, आर्थिक, मानवीय, समय र वातावरणीय।




विभिन्न किसिमका सामग्री तथा सामानहरू र कोठा आदिलाई भौतिक स्रोत भनिँदोरहेछ। त्यसैगरी रूपैयाँ, पैसालाई आर्थिक स्रोत, कार्यक्रम गर्न आवश्यक क्षमता भएका व्यक्तिहरूलाई मानवीय स्रोत, लाग्ने समयलाई समय र साथीभाइहरू माझको एकता, विश्वास, सम्मान तथा विद्यालय र समाजको सहयोग आदिका कारणले हुने सहजतालाई वातावरणीय स्रोत भनिँदोरहेछ।

यस्ता कतिपय स्रोत त हामीभित्रै हुँदारहेछन् भने कति स्रोत प्राप्त गर्न अरूको सहयोग पनि लिनुपर्ने रहेछ। मेरा सदस्यहरूले पहिला आफूसँग भएको स्रोतको खोजी गर्ने अनि मात्र अरूको सहयोग लिने गर्दछन्। क्लब निरन्तर चलोस् भन्नका लागि पनि स्रोत चाहिन्छ।

मेरा सदस्यहरूलाई पनि पहिला यस विषयमा अलमल थियो। तर अहिले त हरेक कार्यक्रम गर्दा आवश्यक पर्ने स्रोतहरू छुट्ट्याउन, जुटाउन र त्यसपछि कार्यक्रम गर्न थाल्नुभएको छ।



## संक्षिप्तमा

**क्लब राम्रोसँग चलाउन स्रोत नभई हुँदैन। तर स्रोत भनेको पैसा मात्र होइन भन्ने कुरा बिर्सनु हुँदैन । यदि हाम्रा सदस्यहरूको यस्तै धारणा छन् भने बालक्लब पैसा केन्द्रित मात्र हुन्छन् र हामी हाम्रो क्लब किन खोलेको हो त्यो लक्ष्यमा पुग्न सक्दैनौ । यसैले कार्यक्रम गर्ने बेलामा मात्र नभई अरू समयमा पनि स्रोतको खोजी गरी राख्नुपर्छ। यसरी पहिला नै खोजी गरियो भने कार्यक्रम गर्दा हतार हुने, नभ्याइने हुँदैन ।**



## तपाईंको बालक्लबमा पनि छलफल गर्नुहोस् ।

**१ स्रोत भनेको के हो ?**

**२. तपाईंको बालक्लबमा केके भौतिक स्रोत छन् ?**

**३. तपाईंको बालक्लबमा कस्ता-कस्ता मानवीय स्रोतहरू छन् ?**

**४ तपाईंको बालक्लबको आर्थिक अवस्था कस्तो छ ?**

**५. तपाईंको बालक्लबलाई थप के-के स्रोतहरू आवश्यक छ ?**

# दुई

# स्रोतको
## खोजी र पहिचान



अस्तिको छलफलले निकै काम गऱ्यो। त्यही बैठकमा बाल यौन दुर्व्यवहार र संरक्षणका उपायसम्बन्धी विद्यार्थीहरूमाझ छलफल गर्ने निर्णय भएको थियो । मेरा सदस्यहरूले छक सरले भन्नुभएजस्तै पहिला त आवश्यकताहरू चिन्ने काम गर्नुभयो । आवश्यकताहरू चिनिसकेपछि चाहिने कुराहरूको सूची नै तयार पार्नुभयो, जुन यसप्रकार थियो :

**भौतिक सामग्री :** ठूलो अक्षरमा लेखेर सहभागीहरूलाई देखाउनका लागि मार्कर र न्युजप्रिन्ट, करिब ३० जना साथीहरू अट्न सक्ने कोठा बाल यौन दुर्व्यवहार र संरक्षणसम्बन्धी स्रोत सामग्रीहरू ।

**मानवीय स्रोत :** बाल यौन दुर्व्यवहार र संरक्षणको बारेमा जानेको मान्छे ।

**समय :** झण्डै एक घण्टा ।

**आर्थिक :** सहभागी सबै जनालाई चिया र बिस्कुट खुवाउनका लागि (१५० रूपियाँ)

मेरा सदस्यहरूले यति धेरै चिज र समय कसरी जुटाउनु हुन्छ होला भनी मलाई डर

लागिरहेको थियो । तर मेरा सदस्यहरूले अस्तिकै उपाय अपनाए । त्यतिखेर पत्ता लगाएका कुराहरू यस्ता थिए :

## बालक्लबमा छ कि छैन ?

- सिविसले दिएको बालक्लब सामग्री बाकसमा दुईवटा मार्कर र १२ वटा न्युजप्रिन्ट पनि रहेछ ।
- हाम्रै विद्यालयको कक्षाकोठा विद्यालयमा अनुरोध गरेर पाउन सकिन्छ ।
- हाम्रै बालक्लब सामग्रीमा बाल यौन दुर्व्यवहारसम्बन्धी पुस्तिका र यससम्बन्धी लेखहरू भएको हाम्रो आँगन पत्रिका रहेछ । इच्छुक साथीहरूले पालैपालो पढ्न सक्ने रहेछन् ।
- बाल यौन दुर्व्यवहार र संरक्षणको बारेमा जानेको मान्छे हाम्रै बालक्लबको सदस्य सृजना तामाङ्गले यससम्बन्धी तालिम लिएर आउनुभएको रहेछ ।
- शुक्रबार गऱ्यो भने सबैलाई समय निकाल्न सजिलो हुने रहेछ ।
- हाम्रो बालक्लबको सदस्यता शुल्क, शिक्षकहरूको सहयोग, लेवी गरेर हामीसँग ३०० रूपियाँ रहेछ ।

आजै कार्यक्रम सफल भएपछि भित्तेपत्रिका प्रकाशन समिति, सदस्यता समितिका साथै सबै समितिहरूले प्रत्येक महिना एउटा कार्यक्रम गर्नुपर्ने निर्णय सबै सदस्यहरूले गर्नुभएको छ र आवश्यक स्रोतहरूको पनि पहिचान गरी बालक्लबमा कहाँ-कहाँ छ र छैन भने सहयोगी संस्थाहरूबाट कसरी प्राप्त गर्ने भन्ने योजना पनि बनाइसक्नुभएको छ ।

मेरा सदस्यहरूले निम्न स्रोत संकलन गर्न थाल्नुभएको छ ।

- लेबी उठाउने ।
- सदस्य फारम शुल्क, परिचयपत्र शुल्क लिने ।
- नियम उल्लङ्घन गरे जरिवाना लिने ।
- आफूले पढिसकेका कथा, जानकारीमूलक किताबहरू बालक्लबको पुस्तकालयमा जम्मा गर्ने ।
- आ-आफ्नो घरमा काम नलाग्ने भनेर राखिएका पुनः प्रयोग र पुनः चक्रण गर्न सकिने वस्तुहरू बेची बालकोषमा जम्मा गर्ने ।
- बालक्लबमा भएका सबै सदस्यहरूको सीप, प्रतिभालाई सूचीबद्ध गर्ने र मानवीय स्रोतको रूपमा प्रयोग गर्ने ।

- विभिन्न संघसंस्थाबाट निकालेका जानकारीमूलक पत्रिकाहरूको सङ्कलन गर्ने ।
- आर्थिक स्रोत, अध्ययन सामग्री मानवीय स्रोतहरूका लागि विभिन्न संघसंस्था वा अन्य क्षेत्रहरूमा प्रस्ताव राख्ने ।
- बालक्लबका किताब पढ्न घर लैजादा शुल्क लिने र किताब ढिला बुझाएमा पनि शुल्क लिने ।

यसबाहेक पनि स्रोत सङ्कलनका अन्य बाटाहरू हुन सक्छन् । तर कार्यक्रम गर्दाखेरि कति कार्यक्रमहरू त खर्च नै गर्नु नपर्ने र खाली सदस्यहरूले समय मात्र दिएपछि पनि गर्न सकिने कार्यक्रम हुन्छन् । जस्तैः सडक नाटक, अन्तर्क्रिया, अनुभव आदानप्रदान, प्रतिभा प्रदर्शन आदि ।



## संक्षिप्तमा

**हरेक कार्यक्रमहरू गर्न हामीलाई विभिन्न स्रोतहरूको आवश्यकता पर्दछ । यस्ता स्रोतहरूको सूची बनाएर यसको खोजी गर्नुपर्दछ । धेरै जस्तो स्रोत त हाम्रो आफ्नै बाल क्लब र विद्यालयमा पाउन सकिन्छ तर केही केही कुराको लागि भने अन्य सरोकारवाला निकाय र संस्थाहरूसँग माग्नुपर्ने हुन्छ । यसैले कुनै पनि काम गर्दा कुन स्रोत आवश्यक पर्दछ, बालक्लबमा उपलब्ध छ कि छैन र यदि छैन भने कहाँ कोसँग सहयोग माग्ने भन्ने योजना बनाउनुपर्दछ ।**



तपाईंको बालक्लबका कार्यक्रमहरू गर्नका लागि स्रोतको खोजी गर्नुहोस् ।

१. **तपाईंको बालक्लबको कार्यक्रमको लागि के–के स्रोतहरू आवश्यक छन् ?**

२. **कार्यक्रम गर्न आवश्यक स्रोतहरू बालक्लबभित्र र सहयोगी संस्थाहरू कहाँ पाइन्छ, सूची बनाउनु होस् ?**

३. **के तपाईंको बालक्लबले पनि नियमित सदस्यता शुल्क, लेबी उठाउने गरेको छ ?**

४. **कतै तपाईंको बालक्लबमा गरिएका आर्थिक संकलनको नियमले कुनै सदस्यलाई अप्ठेरो परेको छ कि ?**

तीन

# स्रोतको व्यवस्थापन



मेरो अनुभव भन्नुपर्दा स्रोतको खोजी गरेर मात्र हुँदैन रहेछ, स्रोतहरूलाई त सुरक्षितसाथ लामो समयसम्म धेरैपटक प्रयोग गर्न सकिने गरी उपभोग गर्नुपर्ने रहेछ। यसरी स्रोतको संरक्षण गर्न र दिगो रूपमा उपयोग गर्ने गरी काम गर्नुलाई नै स्रोतको व्यवस्थापन भनिँदो रहेछ।

मेरा सदस्यहरूले स्रोतको व्यवस्थापन गर्न संरक्षक शिक्षकसँग सल्लाह गरेर व्यवस्थापनको योजना बनाएका छन्। उनीहरूले छलफल गरेको 'चाहिएको बेलामा मात्र स्रोतको खोजी गर्न थालियो भने भनेको समयमा प्राप्त गर्न सकिएन भने अप्ठेरोमा परिने रहेछ। त्यसैले स्रोतहरूको खोजी गर्ने र त्यसका व्यवस्थापन गर्ने काम नियमित रूपमा गर्नुपर्ने रहेछ।'

स्रोतको व्यवस्थापन गर्दा उहाँहरूले छलफलमा नियमित स्रोत र विभिन्न अवसरमा उपलब्ध हुने स्रोत गरी स्रोतलाई दुई तरिकाले विभाजन गर्नुभएको छ। नियमित स्रोत र विभिन्न अवसरमा उपलब्ध हुने स्रोत के होला भनी तपाईंलाई अलमल भयो होला ? पीर नगर्नुस्, म बताइहाल्छु।

नियमित स्रोत भनेर उहाँहरूले नियमित सदस्यता शुल्क, लेवी, उपलब्ध पुस्तकहरू तथा प्रकाशनहरू बिक्री गरेर आउने आम्दानी र क्लबमा उपलब्ध भौतिक सामग्री तथा मानवीय स्रोतलाई भन्नुभएको रहेछ। क्लबभित्रका साथीहरूले पनि यसको व्यवस्थापनको जिम्मेवारी लिनुभएको छ। जस्तै, अध्यक्षले भौतिक

सामग्रीहरूको सूची बनाएर राख्ने र संरक्षण गर्ने, सचिवले मानवीय स्रोत र उपलब्ध पुस्तकहरूको सूची बनाएर राख्ने र संरक्षण गर्ने अनि कोषाध्यक्षले नियमित रूपमा प्राप्त हने सदस्यता शुल्क, लेबी आदिको ठीकठीक हिसाब किताब राख्ने । हरेक महिना सबैले बैठकमा यी स्रोतहरूमा के कति छ ? त्यसको कति-कति प्रयोग भयो भनी प्रतिवेदन प्रस्तुत गर्ने नियम बनाउनुभएको छ ।

त्यसरी नै विभिन्न समयमा प्राप्त हुने चन्दा, सहयोग तथा विभिन्न संघसंस्थाबाट कार्यक्रम गर्न प्राप्त हुने सहयोगलाई उहाँहरूले विभिन्न अवसरमा उपलब्ध हुने स्रोत भन्नुभएको रहेछ ।

तपाईंहरू फेरि भन्नुहोला, त्यसो भए सयपत्री, तिम्रा सदस्यहरूले स्रोत व्यवस्थापनमा केही गर्दैनन् त ? उहाँहरूले पनि काम गर्नुहन्छ । स्रोत व्यवस्थापनमा सबैभन्दा ठूलो भूमिका सदस्यहरूकै हुन्छ । हरेक सदस्यले बालक्लबको स्रोत व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । तपाईंको बालक्लबमा तपाईं एक जनाले पनि क्लब व्यवस्थापनमा ठूलो भूमिका निभाउन सक्नुहुन्छ कसरी भने...

- बालक्लबमा कम खर्चले गर्न सक्ने राम्रा कामहरूको खोजी गर्ने ।
- बालक्लबमा भएका सामग्रीहरूको सुरक्षा गर्ने र मिलाएर राख्ने ।
- आफूले जानेका कुरा, सीपहरू लुकाएर नराखी अरू साथीहरूलाई पनि सिकाउने ।
- क्लबमा भएका कार्यक्रमहरूमा समय दिने ।
- खर्च गरिसकेपछि खर्च गरेको रसिद राख्ने ।
- कोषको रकमका बारेमा सदस्यहरूलाई बेला बेलामा जानकारी गराउने । कोष सधैं पारदर्शी हुनुपर्छ ।
- बालक्लबका सरोकारवाला को को हुन सक्छन्, तिनीहरूलाई चिन्ने र सम्बन्ध विस्तार गर्ने ।

मेरा सदस्यहरूलाई हिजोआज हरेक महिना बस्ने बैठकमा कोषमा कति रकम छ, कहिले, कति, कहाँ खर्च भएको थियो भनी कोषाध्यक्षले जानकारी दिने गर्नुहुन्छ । हरेक कार्यक्रम गर्नुभन्दा अघि मेरा सदस्यहरूले कुन कार्यक्रम गर्ने, त्यसमा कुन-कुन स्रोतको आवश्यकता पर्छ भनी खोजी गर्ने गर्नुहुन्छ ।



## संक्षिप्तमा

**हामीलाई आवश्यक स्रोतहरू हाम्रै वरिपरि हुन्छन् । त्यसको सही पहिचान र खोजी मात्र गर्न जान्नुपर्दछ । यस्ता स्रोतहरू हामीसँग नभए सहयोगी संस्थाहरूबाट प्राप्त गर्न सकिन्छ । स्रोतहरूलाई ठीक तरिकाले सदुपयोग गर्नका लागि स्रोतको सही व्यवस्थापन गर्नु पर्दछ ।**

**आर्थिक सङ्कलन गर्न जति पनि कार्यक्रम गरिन्छ, जस्तैः फारम शुल्क, लेबी अन्य कार्यहरू सदस्यहरूको क्षमता हेरी गर्नुपर्छ, किनभने यस्ता कार्यक्रम गर्दा ध्यान नदिइकन गरियो भने क्लबमा सदस्यहरू आउन छोड्ने कारण पनि बन्न सक्छ । त्यसैले सबै सदस्यहरूलाई ध्यानमा राखी यस्ता निर्णयहरू गर्नुपर्छ ।**



### तपाईंको बालक्लबमा स्रोत व्यवस्थापन कसरी हुने गरेको छ, बताउनुहोस् :

तपाईंको बालक्लबको नियमित आम्दानी खर्चको विवरण कहिले-कहिले कसले कसरी प्रस्तुत गर्दछ ?

तपाईंको बालक्लबमा भएका सामग्रीहरूको सूची छ कि छैन ?

बालक्लबको सामग्रीहरू कस-कसले कहिले-कहिले के कार्यका लागि प्रयोग गरे भन्नेबारे रेकर्ड छ कि छैन ?

बालक्लबभित्र कसले कसरी स्रोत व्यवस्थापन गर्ने योजना बनाउनुभएको छ ?




# सहयोगी संस्था र उनीहरूसँगको सम्बन्ध

यसपालि मेरो जन्मदिनमा सबै सदस्य मिलेर अन्तरक्लब चित्रकला प्रतियोगिता, वक्तृत्वकला, नृत्य प्रतियोगिता र निबन्ध प्रतियोगिता गर्ने भएका छन् । उक्त कार्यक्रमको संयोजक बालक्लबको नयाँ अध्यक्ष सीताले गर्ने निर्णय भएको छ। सबै बालक्लबलाई प्रतियोगितामा भाग लिन पत्र पठाउने जिम्मा सदस्यहरूको एउटा समूहलाई दिइएको छ । मेरा सदस्यहरू यो कार्यक्रममा क-कसले आर्थिक, भौतिक स्रोतको लागि मद्दत गर्न सक्छ भनी सहयोगी संस्थाहरूको खोजी गर्दैछन् ।

मजस्ता बालक्लबहरूलाई सहयोग गर्ने पनि धेरै सहयोगीहरू हुन्छन् रे। त्यस्ता सहयोगी संस्थाहरूको सूची नै तयार भइसकेको छ। ती सूचीहरूमा के-के छन् भनी तपाईंलाई पनि जान्ने मन होला। त्यसो भए म भन्छु है त।

मेरा सदस्यहरूले सहयोगी संस्थाहरूको सूचीमा सरकारी, गैरसरकारीलगायत पहिलादेखि क्लब सञ्चालनमा मद्दत गर्दै आएका विभिन्न संघसस्थाको नाम राखेका छन्। जस्तैः नगरपालिका, गाविस, विद्यालय, अभिभावक, सहजकर्ता, जिल्ला बालकल्याण समिति, युवा समूह र अन्य बालक्लब आदि ।

## १) गाउँ विकास समिति तथा नगरपालिका :

यस्ता सरकारी निकायले बाल अधिकारको प्रवर्द्धनका लागि कार्य गर्ने जिम्मेवारी पाएका हुन्छन् । यस्ता निकायले बालक्लबलाई निम्न कार्य गर्न मद्दत गर्न सक्छ रे ।

- बालक्लबको अस्थायी दर्ता गर्न
- आफ्नै सङ्गठनको नाममा बैंक खाता खोल्न
- आफूले गर्दै आएका कार्यक्रमहरूमा बालक्लबलाई सहभागी गराउन
- आर्थिक सहयोग गर्न
- क्लब सञ्चालनका लागि कोठा मिलाइदिन
- बालबालिकासम्बन्धी कार्यक्रममा बालक्लबका सदस्यहरूलाई प्रतिनिधि बनाई सहभागी गराउन
- विभिन्न जानकारीमूलक पत्रपत्रिका उपलब्ध गराइदिन

### २) जिल्ला बालकल्याण समिति :

यसले बालबालिकाको हितका लागि कार्यक्रमहरूको योजना बनाउने र त्यसका लागि स्रोत जुटाउने काम गर्दछ । साथै यसले विभिन्न गैरसरकारी संस्थासँग मिलेर पनि कार्य गर्दछ। जिल्ला बालकल्याण समितिबाट हामी तलका कुराहरूमा मद्दत लिन सक्छौँ :

- बालक्लबका सदस्यलाई समितिमा प्रतिनिधि बनाउन
- बालक्लबको सञ्जाल स्थापना गराउन
- आर्थिक सहयोग जुटाउन
- बालबालिकासम्बन्धी कार्यक्रममा बालक्लबलाई सहयोगी बनाई काम गर्न
- अन्य संघसंस्थासँग सम्बन्ध बढाउन
- जानकारीमूलक पत्रपत्रिकाहरू उपलब्ध गराउन

### ३) केन्द्रिय बालकल्याण समिति :

यसले देशभरिका बालबालिकाको अधिकारको लागि काम गर्दछ । विभिन्न योजनाहरू बनाउने र स्रोतहरूको खोजी गर्ने काम गर्छ । यसले गर्न सक्ने सहयोगहरू निम्न छन् :

- बालक्लबहरूको सूचीकृत गर्न
- बालक्लबहरूको मूल्याङ्कन गर्न
- हौसला प्रदान गर्नुका साथै बालक्लबहरूलाई पुरस्कृत गर्न
- विभिन्न बालबालिकासम्बन्धी कार्यक्रममा बालक्लबलाई सहभागी बनाउन
- आर्थिक सहयोगका निम्ति
- जानकारीमूलक पत्रपत्रिका उपलब्ध गराउन

## ४) गैरसरकारी संस्था :

गैरसरकारी संस्थाहरूमा पनि कतिपय संस्थाहरूले बालबालिकाको क्षेत्रमा काम गरिरहेका छन् । यस्ता संस्थाहरूले बालक्लबहरूलाई विभिन्न तरिकाले मद्दत गर्न सक्दछन् । जस्तैः सिविस, हातेमालो सञ्चार, सेभ द चिल्ड्रेन, युनिसेफ आदि । ती संस्थाबाट यस्ता सहयोग हुन सक्छन् :

- आर्थिक सहयोग
- विभिन्न तालिमहरू प्रदान गर्न
- विभिन्न भेला/कार्यशालामा सहभागी गराई क्षमता अभिवृद्धि गर्न
- विभिन्न जानकारीमूलक पत्रपत्रिकाहरू उपलब्ध गराउन
- व्यक्तित्व विकासका लागि विभिन्न स्रोत र साधन प्रदान गर्न
- क्लबका विचार तथा भावनाहरूलाई अरू समक्ष पुऱ्याउन
- अरू क्लबसँग समन्वय र सञ्जाल स्थापना गर्न

## ५) स्थानीय संघ/संस्था

विभिन्न जिल्ला र ठाउँहरूमा समाज सुधारका लागि अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगका साथै स्थानीय पहलमा विभिन्न संघसंस्थाहरू खुलेका हुन्छन् । त्यस्ता संघसंस्थाबाट पनि तपाईंले धेरै मद्दत लिन सक्नु हुन्छ :

- पत्रपत्रिका र जानकारीमूलक किताबहरू
- आर्थिक सहयोग
- क्षमता वृद्धिका लागि तालिम
- बालबालिकासम्बन्धी कार्यक्रममा बालक्लबका सदस्यहरूलाई प्रतिनिधि बनाउन
- क्लबहरूबीच सञ्जाल स्थापना गर्न
- बाल अधिकार हनन्का घटनामा सामूहिक आवाज उठाउन
- बालक्लबको कार्यमा समुदायको सहयोग जुटाउन

## ६) युवा/महिला समूह :

युवा/महिला समूहको सम्बन्ध बालक्लबसँग नजिकको हुन्छ । किनभने कति युवा/महिला समूहहरू बालक्लबका

सदस्यहरू ठूला भएर खोलिएका हुन सक्छन्। यस्ता समूहहरूले समाजको नेतृत्व गरिरहेका हुन्छन् । यसैले युवा/महिला समूहबाट धेरै सहयोग लिन सकिन्छ।

- बालक्लब सञ्चालनको लागि कोठाका साथै अन्य भौतिक सामग्री जुटाउन
- आर्थिक सहयोगका लागि
- सहजीकरणका लागि
- विभिन्न तालिमहरूका लागि
- बाल अधिकार हनन्का घटनामा सामूहिक आवाज उठाउन
- बालक्लबको कार्यमा समुदायको सहयोग जुटाउन

७) विद्यालय :

कतिपय क्लबहरू विद्यालयमा खुल्ने हुनाले त्यस्ता क्लबहरूलाई विद्यालयको सहयोग चाहिरहेको हुन्छ । यस बाहेक समुदायमा खोलेका बालक्लब, विभिन्न संघसंस्थाले खोलेका बालक्लब भए पनि त्यहाँ विद्यालयको सहयोग पनि आवश्यक हुन्छ ।

- आर्थिक सहयोग
- विभिन्न सामग्री, क्लबको लागि कोठाको सहयोग
- सल्लाह, सुझाव, समर्थन प्रदान गरी विभिन्न कार्यक्रम आयोजना गर्न ठाउँ उपलब्ध गराएर
- विभिन्न कार्यक्रममा सहभागी हुन स्वीकृति दिएर

८) अभिभावक

हामीलाई थाहा छ, हाम्रो नजिकको सम्बन्ध अभिभावकसँग हुन्छ । त्यसैले हाम्रो सरोकारवालाहरूमा अभिभावकहरू पनि पर्नु हुन्छ । अभिभावकहरूले हामीलाई निम्न कार्य गर्न सहयोग गर्न सक्नुहुन्छ ।

- आर्थिक सहयोग
- क्लबका विभिन्न प्रतियोगिता तथा कार्यक्रमहरूमा मद्दत गरेर
- अनुभवहरू आदानप्रदान गरेर
- अभिभावक भेटघाटमा सरिक भएर
- विभिन्न कार्यक्रममा सहभागी हुन स्वीकृति दिएर

९) सहजकर्ता :

कति मजस्ता बालक्लबमा बालबालिकाहरूलाई सहयोग गर्न भनी सहजकर्ताहरू पनि हुन्छन् । यस्ता सहजकर्ताहरूबाट पनि धेरै सहयोग लिन सक्छौं ।

- विभिन्न सुझाव र सल्लाह लिन
- अरू बालक्लब संघसंस्थासँग सम्बन्ध बिस्तार गर्न
- अभिभावकसँग सम्बन्ध सुधार्न
- बालक्लबमा हुने विभिन्न कार्यक्रमहरूमा सहयोग गर्न
- विभिन्न तालिमहरू लिन
- क्लबमा गरिने कार्यक्रहरूको योजना बनाउन

१०) अन्य बालक्लबः

मजस्तै थुप्रै बालक्लबहरू खुलेका छन्। सबै बालक्लबका उद्देश्यहरू उस्तैउस्तै हुन सक्छन्। त्यसैले एउटा बालक्लबले अर्को बालक्लबलाई विभिन्न कुरामा मद्दत गर्न सक्छन्। जस्तैः

- आफ्ना अनुभवहरू बाँडेर
- अन्तर बालक्लब प्रतियोगिताहरू आयोजना गरेर
- तालिम प्रदान गरेर
- आफूसँग भएका भित्ते पत्रिकाका साथै अरू जानकारीमूलक पत्रिकाहरू आदानप्रदान गरेर
- एक अर्काको क्लबमा भएका समस्याहरूलाई समाधान गर्न सहयोग गरेर

सरोकारवालाहरूसँग कुरा गर्दा वा सहयोग माग्दा विभिन्न कुरामा ध्यान दिनु पर्दछ। यस कुरामा मेरा सदस्यहरू निकै सजग भइसक्नु भएको छ। सरोकारवालासँगको सम्बन्ध सधैँ पारर्दशीपूर्ण हुनुपर्छ रे। पारदर्शी भन्ने शब्दमा कतै तपाईंलाई अलमल त भएन ?

पारदर्शी भनेको जस्ताको तस्तै हो। जसरी हामी ऐना अगाडि उभिँदा हामी जस्तो छौँ, त्यस्तै देखिन्छौँ, त्यसरी नै सरोकारवालालाई आफ्नो कार्यक्रम आम्दानी खर्च सबै स्पष्टसँग बताउने गर्नुपर्छ।

## कार्यक्रम गर्नुअघि ध्यान दिनुपर्ने कुराहरु :

विभिन्न कार्यक्रम गर्दा हामीले निम्न कुरामा ध्यान दियौँ भने हामीलाई धेरै सजिलो हुन सक्छ :

- के कार्यक्रम गर्ने हो ?
- कुन-कुन स्रोत चाहिन्छ ?
- स्रोत जुटाउन क-कसले मद्दत गर्न सक्छ ?
- कार्यविभाजन
- यदि हामीलाई आर्थिक, भौतिक वा मानवीय स्रोतको आवश्यकता छ र त्यो स्रोत जुटाउन हामीलाई

अन्य संघसंस्थाको आवश्यकता छ भने ती संघसंस्थालाई सहयोगका निम्ति प्रस्ताव राख्न सकिन्छ । यसका लागि पत्र लेख्दा राम्रो हुन्छ ।

पत्र लेख्दा पनि धेरै कुरामा ध्यान दिनु पर्दछ । केही निम्न छन् :

- अरू पत्रझैं मिति
- सम्बन्धित व्यक्तिलाई सम्बोधन
- विषय उल्लेख गर्दा निश्चित सहयोग उल्लेख गर्ने
- आफ्नो बालक्लबको परिचय
- बालक्लबले गरेका उल्लेखनीय कामहरू
- सहयोग आवश्यक भएको कार्यक्रमको छोटो जानकारी
- यदि आर्थिक सहयोग चाहिएको हो भने के कुरामा कति खर्च चाहिने हो, त्यसको उल्लेख गर्ने
- सो पत्रमा अध्यक्ष र सचिवको नाम र हस्ताक्षर उल्लेख गर्नु पर्दछ ।
- पत्र सम्बन्धित संस्थामा बुझाउन जाँदा पहिले नै त्यस संस्थाको कसलाई भेट्ने हो, उहाँसँग समय मिलाउनु पर्दछ ।
- भेट्न जाँदा सबै समूह एकै पल्ट नगई बालक्लबका केही प्रतिनिधि छनोट गरी पठाउनु पर्दछ ।
- सम्बन्धित व्यक्ति भेट भएपछि पत्रका साथ आफ्ना कुराहरू छोटो तर प्रष्ट रूपमा राख्नु पर्दछ ।

कार्यक्रम अवधिमा ध्यान दिनुपर्ने कुराहरु :

- कहाँ कति खर्च हुन्छ, त्यसका रसिदहरू सुरक्षित राख्नुपर्छ ।
- सदस्यहरूको कार्य विभाजन गर्ने र सोही अनुरूप कार्य गर्नुपर्छ ।
- कार्यक्रमममा जुन सरोकारवाला संस्थाले सहयोग गरेको हो, त्यस संस्थाका प्रतिनिधिलाई अतिथिका रूपमा बोलाउनुपर्छ ।
- कार्यक्रममा बनाइने व्यानरमा सहयोगी सरोकारवाला संस्थाको नाम उल्लेख गर्नुपर्दछ ।
- यदि प्रमाणपत्र वितरण गरिँदैछ भने, जुन संस्थाले आर्थिक सहयोग गरेको हो, उक्त संस्थाको प्रतिनिधिको हस्ताक्षर पनि उल्लेख गर्नु पर्दछ ।

कार्यक्रमपछि ध्यान दिनुपर्ने कुराहरू :

- कार्यक्रमको प्रतिवेदन लेख्नु पर्दछ। यस्ता प्रतिवेदन लेख्दा कार्यक्रमको उद्देश्य पूरा भयो वा भएन सोको मूल्याङ्कन पनि राख्नु पर्दछ ।
- यस्ता प्रतिवेदन तपाईंले पनि लेख्नुभएको हुन सक्छ । त्यसैले प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू तपाईंलाई पनि थाहा होला ।
- प्रतिवेदन लेख्दा पूरा कार्यक्रमको जानकारी, कार्यक्रम सञ्चालन प्रक्रिया र कार्यक्रमपछि प्राप्त भएको नतिजा उल्लेख गरी पठाउनु पर्दछ ।
- लेखेको प्रतिवेदन सरोकारवाला संस्थालाई एकप्रति पठाउनु पर्दछ।
- प्रतिवेदनको साथसाथै खर्चको विवरण (बिल) पठाएमा राम्रो हुन्छ।
- यसरी प्रतिवेदन पठाउँदा, सहयोग गरेकोमा धन्यवादसहित एकप्रति धन्यवाद पत्र पनि पठाएमा राम्रो हुन्छ ।

बालक्लबको दिगोपनका लागि पनि यी कुरामा ध्यान दिनुपर्छ । दिगोपन भनेको निरन्तरता हो । यदि तपाईंले काम पर्दा मात्र सहयोगी सरोकारवालालाई नसम्झी अरू बेला पनि भेटघाट, पत्राचार, क्लबको कार्यक्रम विवरण पठाइरहे यसले पनि तपाईंको बालक्लब र सहयोगी सरोकारवालासँगको सम्बन्ध दिगो बनाउन मद्दत गर्छ ।

प्रतिवेदन र बिलहरूको एकप्रति बालक्लबमा पनि राख्नु पर्दछ । यसका साथै बालक्लबबाट बाहिर पठाएको एकप्रति र बाहिरबाट आएका पत्रहरू पनि सुरक्षित राख्नु पर्दछ ।

मैले यति धेरै कुरा कसरी थाहा पाएँ भन्नुभएको होला, हैन ? धेरै जसो कुराहरू त मेरा सदस्यहरूले विद्यालयका शिक्षक, शिक्षिका, अभिभावक र अन्य बालक्लबबाट सिक्नुभएको हो । किनभने, मेरो सल्लाहकारको पदमा प्रधानाध्यापक, शिक्षक-शिक्षिका र अभिभावकहरू पनि हुनुहुन्छ ।

बेला-बेलामा मेरा सदस्यहरू अभिभावक र शिक्षक शिक्षिकासँग पनि अन्तर्क्रिया गर्नुहुन्छ । मलाई अझ कसरी राम्रो बनाउने भनी सल्लाह, सुझाव पनि माग्नुहुन्छ। मैले थाहा पाएअनुसार नेपालमा सात हजारभन्दा बढी बालक्लबहरू छन्

रे । कति बालक्लब त खुलेको केही समयमै बन्द पनि हुने गर्छन् रे भने कति वर्षौंदेखि अहिलेसम्म चलिरहेका छन् रे । मेरो स्थापनापछि कति पटक विभिन्न कारणले म पनि बन्द हुने अवस्थामा पुगेको थिएँ । तर सदस्यहरू, शिक्षक-शिक्षिका, अभिभावकहरूको प्रयासले गर्दा म पुनः सञ्चालित हुन सकेँ । यसै गरी तपाईंको बालक्लब सञ्चालन गर्दा पनि समस्याहरू आउन सक्छन् । यदि तपाईंको बालक्लबका सदस्यहरूबीच एकता छ, आफ्नो क्लबप्रति माया, आफ्नो भन्ने भावना छ भने क्लब सञ्चालनमा आएका समस्याहरू आफैँ हराएर जान्छन् ।

ल मेरा सदस्यहरू त घर फर्कन लाग्नु भएछ । सायद छलफल सकिएजस्तो छ । हेर्दा सबै सक्रिय र उत्साहित देखिँदै छन् । लाग्छ, यसपालिको कार्यक्रम झन् राम्रो होला जस्तो छ । म पनि खुशी छु । तपाईंहरू पनि मेरो कार्यक्रममा आउनुहोस् है । म पर्खी बस्छु । फेरि यो सयपत्रीलाई नबिर्सनु नि ।



## संक्षिप्तमा

**सरोकारवालाहरू धेरै हुन सक्छन् । यहाँ उल्लेखित सरोकारवालाहरू सबै ठाउँमा हुन्छ भन्ने पनि छैन । त्यसैले स्थानीय तहमा उपलब्ध सरोकारवालहरूको खोजीमा बालक्लबका सम्पूर्ण सदस्यहरू एकजुट भएर लाग्नु पर्दछ ।**

**यसरी स्रोतको खोजी गर्दा स्रोतको रूपमा आफ्नै बालक्लबका सदस्यहरू पनि पर्न सक्छन् भन्ने कुरामा ध्यान दिनुपर्छ नत्र बत्तीमुनि अँध्यारो भनेझैं हुन्छ ।**

**कार्यक्रम सकिएपछि पनि सरोकारवाला तथा सहयोगी संस्थाहरूलाई प्रतिवेदन, धन्यवाद ज्ञापनपत्र पठाएमा यसले सम्बन्ध सुधार्नुका साथै पछि कार्यक्रम गर्न सहयोग माग्न पनि सजिलो हुन्छ । यस्तो क्रियाकलापले काममा पारदर्शिता पनि ल्याउँछ ।**



## तपाईंको बालक्लबका लागि सहयोगी संस्थाहरूको बारेमा बताउनुहोस् :

तपाईंको क्लबका लागि सहयोगी संस्थाहरूको बारेमा बताउनुहोस् :

१ तपाईंको बालक्लबका लागि सहयोगी संस्थाहरू को-को छन् र उनीहरूले के-के सहयोग गर्न सक्छन् ?

२. तपाईंको बालक्लबले उनीहरूसँग कसरी सहयोग माग्ने गरेको छ ?

३. के तपाईंको बालक्लबले कार्यक्रम सम्पन्न हुनेबित्तिकै सहयोगी संस्थाहरूलाई धन्यवादसहित कार्यक्रमको छोटो प्रतिवेदन र आम्दानी खर्च विवरण पठाउने गर्नुभएको छ ?

४. अबका दिनमा कसरी सहयोगी संस्थासँग धेरै सहयोग प्राप्त गर्ने भन्ने बारेमा योजना बनाउनुभएको छ ?

# आभार

प्यारा भाइबहिनीहरू,

बालसहभागीता बालबालिकाको महत्वपूर्ण अधिकार हो । बालसहभागीतालाई प्रवर्द्धन गर्ने माध्यमको रुपमा बालक्लब एउटा महत्वपूर्ण स्थान हो । समुदाय तथा विद्यालयमा भएका कुनै न कुनै बालक्लबमा तपाईंहरू पनि आबद्ध भई बालबालिकाका अधिकार सम्बन्धी विभिन्न कार्यक्रम गरिरहनु भएको होला । यसरी बालक्लबमा आबद्ध भई बालक्लबको व्यवस्थापन, श्रोत परिचालन र कार्यक्रमहरू गर्दा थुप्रै समस्याहरू पनि भोग्नु भएको होला ।

सिविसले पनि विद्यालय तथा समुदायसँग मिलेर थुप्रै बालक्लबहरूको सहजीकरण गरेको कुरा भाइबहिनीहरूलाई थाहै छ । बालक्लबमा रहेर कामहरू गर्दा भाइबहिनीहरूलाई पर्ने समस्याको निराकरण गर्न तथा सहजीकरण गर्न भाइबहिनीहरूकै सहयोग र सुझावमा सिविसले बालक्लब सञ्चालन सहयोगी पुस्तिका तयार गरी विद्यालयमा तथा समुदायमा रहेका बालक्लबहरूमा बितरण गरेको थियो । सो पुस्तिकालाई भाइबहिनीहरूले असाध्यै मन पराउनु भएको छ । बालक्लब व्यवस्थापन, श्रोत परिचालन र कार्यक्रम सञ्चालनका लागि यो पुस्तिका अति उपयोगी भएको कुरा सुझाव गरे अनुसार प्रस्तुत बालक्लब सञ्चालन सहयोगी पुस्तिकाको दोश्रो संस्करण प्रकाशित गर्न गइरहेका छौं । आशा छ, बालसहभागीताको प्रवर्द्धन र बालक्लब सञ्चालनमा यसले भाइबहिनीहरूलाई सहयोग गर्ने छ ।

अन्तमा, यो पुस्तिकाको दोश्रो संस्करण प्रकाशन गर्न संयोजन गर्नु हुने सिविसका कार्यक्रम संयोजक प्रेम घिमिरे लगायत सिविसका सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै यस पुस्तिकालाई पुनः प्रकाशनका लागि आर्थिक सहयोग प्रदान गर्नु हुने साझेदार संस्था इन्टरपेडिया फिनल्याण्ड प्रति हार्दिक आभार व्यक्त गर्दै यहाँहरूको सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

बिमला ज्ञवाली  
अध्यक्ष  
सिविस

| | | |
|---|---|---|
| पुस्तिकाको नाम | : | बालक्लब सञ्चालन सहयोगी पुस्तिका भाग २ (स्रोत व्यवस्थापन) |
| प्रकाशक | : | समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) |
| पोष्ट बक्स नं | : | २१४३३, काठमाडौं, नेपाल |
| फोन | : | ४७८४५४५, ४७८०४४६ |
| प्रकाशन सहयोग | : | Interpedia, Finland |
| सर्वाधिकार | : | सिविस |
| प्रथम संस्करण | : | २००७ नोभेम्बर |
| दोश्रो संस्करण | : | २०१४ नोभेम्बर |
| प्रकाशित संख्या | : | ५०० |
| संयोजन | : | कमल चापागाईं |
| दोस्रो संस्करणका लागि संयोजन | : | प्रेम घिमिरे |
| लेखन | : | सन्तोष महर्जन र सन्जोग ठकुरी |
| भाषा सम्पादन | : | विवश वस्ती |
| परिकल्पना | : | मिलन धरेल |
| सल्लाह सुझाव | : | श्री बिमला ज्ञवाली<br>श्री शान्ति अधिकारी |
| चित्र | : | बासु क्षितिज |
| साजसज्जा | : | टाइम्स क्रियशन, पुतली सडक |
| छपाइ | : | द प्रेस अनलिमिटेड |

# स्रोत व्यवस्थापन



## विषय सूची


स्रोत १

स्रोतको खोजी र पहिचान ४

स्रोतको व्यवस्थापन ८

सहयोगी संस्था र उनीहरूसँगको सम्बन्ध ११